**गौशाला नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

गौशाला, महोत्तरी

प्रदेश नं. २ नेपाल

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

***(प्रथम पटक प्रकाशित मिति २०७६/१०/०१)***

गौशाला नगरपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र, गौशालामा देहाय बमोजिमको पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तोकिएको ढाँचामा आवश्यक कागजात संग्लग्न गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपूर्वकको आवेदन फाराम भरी पेश गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | विज्ञापन नं. | पद | तह | आवश्यक पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०५/२०७६ /०७७ | मेडिकल अधिकृत | आठौँ | १ (एक) | |

- **दरखास्त दिने अन्तिम मितिः** २०७६/१०/१५ गते सम्म
- **दरखास्त आबेदन फाराम पाउने र बुझाउने स्थानः** गौशाला नगरकार्यपालिकाको कार्यालय, गौशाला, महोत्तरी
- **दरखास्त फाराम दस्तुरः** रु. १०००/- (एक हजार) गौशाला नगरपालिकाको नेपाल बैंक लिमिटेड, गौशालामा रहेको च. हि. खाता नं. ०९४०३०००००००००४००१००३ (संचित कोष खाता) मा रकम जम्मा गरेको सक्कलै भौचर दरखास्त संगै पेश गर्नुपर्नेछ ।

**शैक्षिक योग्यताः-**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उतिर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्ने,

**संलग्न गर्नुपर्ने कागजातहरूः-**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- नेपाल मेडिकल काउन्सिलमा दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- सम्बन्धित कामको अनुभव भए सो सम्बन्धी कागजातको प्रतिलिपि,
- हालसालै खिचेको पासपोर्ट साईजको फोटो (तीन प्रति), पेश गरिएको सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।
- पोस्टमार्टम तथा क्याक (CAC) तालिम प्राप्तलाई विशेष प्राथमिकता दिईनेछ ।

*द्रष्टव्यः रितपूर्वक पेश नभएका तथा म्याद नाघी दर्ता हुन आएका दरखास्त उपर कुनै कारवाही हुनेछैन ।*

**बिस्तृत जानकारीको लागी गौशाला नगरपालिकाको वेबसाइट www.gaushalamun.gov.np वा सूचना प्रविधी शाखा (सम्पर्क नं. ०४४-५५६१३९, ९८४९८७५१३४) मा सम्पर्क गर्न अनुरोध छ ।**

**-प्रमुख प्रशासकीय अधिकृत**